# मानमिन समाचार

अंक २३ जनवरी ३१, २०१६


# "पवित्र आत्माको शक्तिको भरपूरी !"

## विभिन्न प्रकारका चङ्गाइका कार्यहरू प्रकट भए




नोभेम्बर १० देखि २४ सम्म, सिनियर पास्टर डा. जेरक लीको प्रतिनिधि स्वरूप मानमिनको विश्व गाइडेन्स पास्टर रेभ. हिसन लीले भारत, नेपाल, हङकङ र ताइवानका शाखा चर्चहरूको भ्रमण गर्नुभई परमेश्वरको प्रेम प्रवाह गर्नु भयो। बायाँ, रेभ. हिसन ली, शाखा चर्चहरूका सदस्यहरू (बीचमा), नेपाल मानमिन चर्चको नयाँ भवन र चेन्नाइ मानमिन चर्च (दायाँ)

सन् २०१५ को नोभेम्बर महिनामा, मानमिनको विश्व गाइडेन्स पास्टर रेभ. हिसन लीले एशियाका चार देशहरूको भ्रमण गर्नु भयो।

सन् २०१५ को नोभेम्बर १० मा, उहाँ इन्चोन अन्तर्राष्ट्रिय विमान स्थलबाट भ्रमणको लागि प्रस्थान गर्नुभयो। नोभेम्बर १२ मा, उहाँले दिल्ली मानमिन चर्चको तेस्रो वार्षिकोत्सव समारोह र रुमालको चङ्गाइ सभालाई अगुवाइ गर्नुभयो। पावर कोरसले परम्परागत भारतीय नृत्य प्रदर्शन गर्नुका साथै हिन्दी भाषामा प्रशंसा अर्पण गर्नुभयो। त्यसपछि, रेभ. हिसन लीले साँचो विश्वास शीर्षकमा वचन प्रचार गर्नुभयो। सहभागीहरूले भिडियोमा रिकर्ड गरिएको डा. जेरक लीको प्रार्थना ग्रहण गर्नुभयो र त्यसपछि रेभ. हिसन लीले उहाँहरूका लागि रुमालद्वारा प्रार्थना गरिदिनुभयो (प्रेरित १९:११-१२)।

२३ वर्षिय, भाइ पप्पुको दायाँ आँखा काम नलाग्ने भएको थियो तर उहाँको आँखा फेरि देख्न सक्ने भयो। २७ वर्षिया बहिनी मीनु, इनुरेसिस (पिसाब रोक्न नसक्ने रोग) र मृगौलाको पत्थरीबाट निको हुनुभयो; ११ वर्षिय भाइ सतिस रक्तअल्पता र अनसर्का (छाला सुनिने रोग) बाट; ४७ वर्षिया बहिनी मिना देवी हेपटाइटिस सीबाट निको हुनु भएको थियो। थपअझ, धेरैले आफूले चङ्गाइ पाएको गवाही दिनुभयो। बहिनी जीपिजिकेसुको परिवारका सदस्यहरू सभामा भाग लिनका लागि हार्दिक चाहनाका साथ माहाराजगंज उत्तर प्रदेशदेखि आउनु भएको थियो जुन दिल्लीदेखि १,००० कि.मि टाढा छ। उहाँहरूले मधुमेह र हिँड्इमा हुने समस्याहरूबाट चङ्गाइ पाउनु भयो।

नोभेम्बर १४ मा, नेपाल मानमिन चर्चको १०औं वार्षिकोत्सवको कार्यक्रम र भवन समपर्णको सेवा थियो। यो अति नै अर्थपूर्ण दिन थियो किनभने यो चर्च र यसका १९६ शाखा चर्चहरूले २०१५ सालमा नेपालमा गएको महाभूकम्पमा सुरक्षा पाएको थियो। रेभ. हिसन लीले "प्रेम" शीर्षकमा वचन दिनुभएको थियो। उहाँले सहभागीहरूलाई एकअर्कालाई बुझ्न र परमेश्वरको अनुग्रहलाई नबिर्सनका लागि आग्रह गर्नुभयो। त्यसको लगत्तै, रुमालको चङ्गाइ सभामा, ३४ वर्षिय भाइ जोसेफ तामाङ्गले भन्नुभयो, "मेरो बुबा एक बौद्ध भिक्षु हुनुहुन्थ्यो तर उहाँ अहिले ख्रीष्टियन हुनु भएको छ। उहाँले यस सभामा सहभागी हुनुभएर धेरै अनुग्रहहरू प्राप्त गर्नु भएको छ। उहाँले मलाई अब प्रार्थना गर्न शुरु गर्नेछु भनी भन्नुभएको छ।"

३६ वर्षिय भाइ के.बी. राइले भन्नुभयो, "मेरी पत्नीले सधैँ आफ्नै कुराहरूमा जिद्दी गर्ने गर्नुहुन्थ्यो, तर परमेश्वरको प्रेम महसुस गर्नु भएपछि उहाँ नम्र बन्नुभयो। मेरो ससुरा को क्सोडाइनिया (कम्मरको जोर्नीको समस्या) को कारणले गर्दा हिँड्न सक्नुहुन्नथ्यो तर उहाँ पूर्ण रूपले निको हुनुभयो र विश्वास प्राप्त गर्नुभयो। परमेश्वरको प्रेमले उहाँको कठोर हृदय पग्लियो भनी उहाँले भन्नुभयो।"

नोभेम्बर १५ मा, रेभ. लीले नेपाली पास्टरहरूको सेमिनारीमा चर्चको जागृतिका लागि आवश्यक कुराहरू बारे वचन दिनु भयो। नेपालमा रहेका मानमिनका शाखा चर्चहरूका पास्टरहरू र अगुवाहरूले सिनियर पास्टरलाई र नेपाल मानमिन चर्चले रेभ. हिसन लीलाई प्रशंसा पत्र समर्पण गर्नुभयो।

नोभेम्बर १७ मा, रेभ. हिसन लीले भारतको चेन्नाइमा रहेको चेन्नाइ मानमिन चर्चको ११ औं वार्षिकोत्सव सेवा समारोह र रुमालको चङ्गाइ सभामा नेतृत्व गर्नुभयो। उहाँले वचन प्रचार गर्नुभयो र रुमालका साथ सदस्यहरूका लागि प्रार्थना गरिदिनु भयो। ९ वर्षीया बहिनी झोन्सीलाई पोलियो भएको थियो र उहाँका गोलीगाँठाहरू बाँगिएका थिए। तर प्रार्थनापछि उहाँका गोलीगाँठाहरू सोझा भए। ३३ वर्षिया बहिनी जगदेश्वरी ३० वर्षदेखि ग्रसित हुनुभएको ओटाइटिस् मिडिया (कानको गम्भीर संक्रमण) बाट निको हुनु भयो। १४ वर्षिया बहिनी पपिता थाइराइड सुन्निने समस्याबाट निको हुनुभयो र ४४ वर्षिया डिकनिस इन्दिरा, उच्च रक्तचाप र मधुमेहका जटिलताहरूबाट निको हुनुभयो।

नोभेम्बर १८ मा, रेभ. लीले चेन्नाइमा पास्टरहरूसित भेटघाट गर्नुभयो। पास्टरहरूले सन् २००२ मा भएको भारत संयुक्त क्रूसेडको सम्झना गर्नुभयो र डा. जेरक लीप्रति आफ्नो कृतज्ञता व्यक्त गर्नुभयो।

विशेष गरी, त्यस समयमा भारतको दक्षिणी भाग भारी वर्षात् र आँधीको चपेटामा थियो। यो ४० वर्षयताकै सबैभन्दा भीषण वर्षात् थियो। यसले गर्दा विमानस्थल बन्द भएको थियो र ७० जना मानिसहरूले आफ्ना ज्यान गुमाएका थिए, तर रेभ. ली चेन्नाइमा जानुअघि, आँधीले आफ्नो दिशा परिवर्तन गऱ्यो, पानी पर्न रोकियो र विमानस्थल पुनः सञ्चालनमा आयो।

नोभेम्बर २० मा, उहाँले हङकङमा रहनु भएका सदस्यहरूलाई भेट्नु भयो र नोभेम्बर २२ मा, उहाँले ताइवान मानमिन चर्चको २३ औं वार्षिकोत्सव सेवा समारोह र पवित्र आत्माको भरपूरी प्रार्थना सभामा अगुवाइ गर्नु भयो। ताइवानमा रहनुभएका सदस्यहरूले सभाको लागि रिले उपवास र प्रार्थनाका साथ तयारी गर्नु भएको थियो, जसद्वारा उहाँहरूले आफ्ना प्रार्थनाका विषयहरूमा धेरै आशिष् र उत्तर प्राप्त गर्नुभयो।

## क्रूसको सन्देश श्रृंखला – (२३)

# ख्रीष्टमा आफ्नो विश्वासको स्वीकारोक्ति दिएतापनि मुक्ति प्राप्त गर्न नसक्ने मानिसहरू (२)



डा. जेरक ली

“मलाई ‘प्रभु, प्रभु’ भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्। स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ” (मत्ती ७:२१)।

“यदि कसैले आफ्नो भाइले पाप गरेको देख्छ, अनि त्यो पापचाहिँ मृत्युमा पुऱ्याउने होइन भने, उसले त्यस भाइको निम्ति परमेश्वरसँग प्रार्थना गरिदिनुपर्छ, र जसको पाप मृत्युमा पुऱ्याउने किसिमको छैन, त्यसलाई परमेश्वरले जीवन दिनुहुन्छ। तर यस्तो पाप पनि हुन्छ, जो मृत्युमा पुऱ्याउने हुन्छ, जसको निम्ति कसैले बिन्ती गरिदिनुपर्छ भनी म भन्दिनँ। सबै अधर्म पाप हो, तर यस्तो पाप पनि हुन्छ जो मृत्युजनक हुँदैन” (१ यूहन्ना ५:१६-१७)।

येशू ख्रीष्टलाई ग्रहण गर्नु भएका र परमेश्वरमा विश्वास गर्नु भएका सबैको आधारभूत उद्देश्यचाहिँ साँचो मुक्ति प्राप्त गर्नु र स्वर्गीय राज्य हासिल गर्नु हो। धिक्कार त्यस मानिसलाई, जसले परमेश्वरमा विश्वास गर्छु भनी भनेतापनि, मुक्ति प्राप्त गर्न सक्दैन र अन्ततः नरकमा पर्दछ। यद्यपि, परमेश्वरको इच्छा अनुसार जिउने मानिसहरूले चाहिँ मुक्ति प्राप्त गर्नुका साथै प्रभुको दोस्रो आगमनमा आकाशमा उहाँसँग भेट्नका लागि उठाइ लगिनु हुनेछ र उहाँको साथमा विवाह भोजमा सहभागी हुनुहुनेछ।

सुसमाचार सुने तापनि त्यसलाई स्वीकार गर्न इन्कार गर्ने थुप्रै मानिसहरू उहाँको दोस्रो आगमनको समयमा, यस संसारमा शोक र विलापको बीचमा छोडिनेछन् र अन्योलमा पर्नेछन्। चर्चमा आउने गरेको भएतापनि पृथ्वीमा छोडिनेहरूले कसरी शोक गर्दै विलाप गर्नेछन् भनी के तपाईं कल्पना गर्न सक्नुहुन्छ ?

तिनीहरूमा आफ्नो मुक्तिको निश्चयता बारे कुनै शङ्का थिएन, तर एक्कासी पृथ्वीमा छोडिएपछि तिनीहरू त्रसित हुनेछन्। त्यसैले, प्रभुमा हामीले आफ्नो विश्वासको स्वीकारोक्ति दिएतापनि मुक्ति प्राप्त गर्न नसक्ने परिस्थितिहरूका बारेमा हामी सजग रहनु पर्दछ।

### १. परमेश्वरबाट मान्यता पाउनु भएको र उहाँको शक्ति प्रकट गर्ने परमेश्वरको जनको विरुद्धमा खडा हुने पाप

“पवित्र आत्माको विरुद्धमा निन्दा गर्नु” ले परमेश्वरको कार्यको विरोधमा बोलिएका शब्दहरू र गरिएका कार्यहरूलाई जनाउँदछ। यस्ता शब्द र कार्यहरू, परमेश्वरलाई नचिन्ने अविश्वासीहरूबाट चर्चलाई आउने सतावट भन्दा फरक हुन्छन् किनकि ती परमेश्वरमा विश्वास गर्छु र सत्यता जान्दछु भन्ने व्यक्तिहरूबाट आउँदछ। यस्ता मानिसहरूले मुक्ति प्राप्त गर्दैनन् किनभने तिनीहरूले जानीजानी आफ्नो दुष्टताद्वारा परमेश्वरका कार्यहरूको विरोध गर्दछन्।

परमेश्वरको जनले पवित्र आत्माको शक्तिद्वारा रोगहरू र दुर्बलताहरू निको पार्नु भएको र दुष्टात्माहरू धपाउनु भएको देखेर पनि यदि कुनै व्यक्तिले उहाँको सेवकाइको विरुद्धमा बोल्दछ र पवित्र आत्माको कार्यलाई “शैतानको काम” भनी पवित्र आत्माको निन्दा गर्दछ भने त्यस व्यक्तिलाई कसरी परमेश्वरमा विश्वास गर्ने व्यक्ति भनी ठान्न सकिन्छ र ? मानिसको शक्तिद्वारा अनुकरण गर्न नसकिने परमेश्वरको कार्यलाई देख्दा, परमेश्वरमा भरोसा गर्ने साँच्चै भलाइको हृदय भएको व्यक्तिले परमेश्वरलाई केवल धन्यवाद दिँदै उहाँलाई महिमा दिनु हुनेछ। तथापि, कुकर्मीहरू, छिट्टै पवित्र आत्माका कार्यहरूलाई इन्कार गर्दछन् र परमेश्वरको विरोध गर्दछन्।

परमेश्वरबाट मान्यता पाउनुभएर शक्तिशाली कामहरू प्रकट गर्ने परमेश्वरका सेवकहरूको सेवकाइमा अवरोध पुऱ्याउने पाप सानो पाप होइन। परमेश्वरको जन र उहाँद्वारा प्रकट भएका पवित्र आत्माका कार्यहरूलाई इन्कार गर्ने यस्ता अवरोधहरूचाहिँ सोझै पवित्र आत्माको विरोध गर्नु र परमेश्वरको विरुद्धमा खडा हुनु जस्तै हो।

प्रस्थानपछि इस्राएलीहरूले खानको लागि केही पनि नपाउँदा तिनीहरूले मोशा र हारूनलाई सबै दोष दिए र उहाँहरूका विरुद्धमा गनगन गरे, तब मोशाले तिनीहरूलाई यस्तो भन्नुभयो, “किनभने तिमीहरूले उहाँको विरुद्ध गरेको गनगन उहाँले सुन्नुभएको छ। हामीचाहिँ को हौं र? तिमीहरूको यो गनगन हाम्रो विरुद्धमा होइन, तर परमप्रभुको विरुद्धमा भएको छ” (प्रस्थान १६:८)।

प्रेरित ५:१-५ मा हननिया र तिनकी पत्नी सफीराको घटना उल्लेख गरिएको छ, जसले आफ्नो सम्पत्तिको एक टुक्रा बेच्ने र त्यो रकम परमेश्वरमा अर्पण गर्ने प्रतिज्ञा गरेका थिए। तथापि, लोभको कारणले गर्दा तिनीहरूले रकमको केही हिस्सा आफूसित राखे, र केही हिस्सा मात्र पत्रुस कहाँ ल्याए, तर सम्पूर्ण रकम दिएको भान पारे। ती दम्पत्तीले पत्रुसलाई नभई पवित्र आत्मालाई छक्काएका थिए र स्वयम् परमेश्वरसित झूट बोलेका थिए, त्यसैले गर्दा तिनीहरूले पश्चात्तापको मौका विना नै मृत्युको सामना गर्नुपऱ्यो।

### २. मृत्युमा पुऱ्याउने पापहरू: परमेश्वरको पुत्रलाई फेरि क्रूसमा टँग्याइ मानिसहरूको सामु खुल्लमखुल्ला उहाँको अपमान गर्नु

हिब्रू ६:४-६ मा हामी यस्तो पाउँदछौं, “किनकि तिनीहरू, जसले एक चोटि ज्योति पाएर स्वर्गीय वरदान चाखेका छन्, र पवित्र आत्माका सहभागी भएका छन् र परमेश्वरको उत्तम वचनको र आउने युगका शक्तिको स्वाद चाखेका छन्, त्यसपछि पनि विश्वास त्याग गरी तिनीहरू पतित भए भने ता तिनीहरूलाई पश्चात्ताप गर्ने स्थितिमा फेरि ल्याउनु असम्भव छ। किनभने तिनीहरूले आफ्नै खातिर परमेश्वरका पुत्रलाई फेरि क्रूसमा टाँग्छन्, र खुल्लमखुल्ला उहाँको अपमान गर्छन्।”

यी पदहरूले त्यस्ता मानिसहरूलाई जनाउँदछन् जसले, पवित्र आत्मा प्राप्त गरेर, परमेश्वरको अनुग्रह अनुभव गरिसकेपछि, स्वर्ग अनि नरकको अस्तित्वको बारेमा सिकेको भएतापनि र सत्यको वचन सुनेर विश्वास गरेतापनि परीक्षामा लोभिएर, परमेश्वरलाई त्याग्दछन्, भ्रष्ट हुँदछन् र परमेश्वरको महिमालाई प्रकट हुनबाट रोक्नलाई खुल्लमखुल्ला काम गर्छन्।

यदि सुसमाचार सुनेर चर्चमा आएको कुनै व्यक्ति, ज्ञानरूपी विश्वास मात्रै भएर संसारकै कुराहरूमा फर्केर गएको छ भने पनि त्यस व्यक्तिको लागि मुक्तिको निम्ति एउटा अन्तिम अवसर भने हुँदछ। यद्यपि, पवित्र आत्माका कार्यहरूद्वारा परमेश्वरको अनुग्रह अनुभव गरेपछि पनि संसारमा फर्केर जानेहरूमा धेरै अन्धकार हुने भएकोले गर्दा शैतानले पनि अझ भयानक तवरले काम गर्नेछ। तिनीहरूले अविश्वासीहरू भन्दा पनि बढ्ता दुष्टता गर्नेछन्, एकपटक पाएको अनुग्रहलाई बिर्सनेछन्, र चर्च अनि विश्वासीहरूलाई सतावट दिने कार्यमा समेत अगुवाइ गर्नेछन्।

तर हाम्रो प्रभुको क्रूसको बलिदानलाई मानिसहरूका सामु खुल्लमखुल्ला अपमान गर्नेहरूले पश्चात्तापको आत्मा प्राप्त गर्न सक्ने छैनन्, अन्ततः तिनीहरू मृत्युमा जानेछन्। यहूदा इस्करियोतको बारेमा सोचौं, जो कुनै समय येशूकै चेला थियो। यहूदा येशूको सेवकाइको प्रत्यक्ष साक्षी थियो, तर त्यसले आफ्नै स्वार्थलाई पछ्याएर, अन्तमा येशूलाई धोखा दियो र ३० वटा चाँदीका टुक्राहरूमा त्यसले उहाँलाई पक्राइदियो। येशू पक्राउ पर्नु भएपछि यहूदाले आफूलाई दोषी महसुस गऱ्यो र पश्चात्ताप गर्न प्रयास गऱ्यो तर त्यसले आफूले गरेका कुराहरूका लागि पश्चात्ताप गर्ने अवसर पाएन, अन्ततः पछुतो र शोकलाई सहन नसकी त्यसले आत्महत्या गऱ्यो।

### ३. मृत्युमा पुऱ्याउने पापहरू: ‘सत्यताको बारेमा ज्ञान पाएपछि पनि जानाजानी पाप गरिरहनु’

हिब्रू १०:२६-२७ ले हामीलाई भन्दछ, “किनकि यदि सत्यताको ज्ञान पाएर पनि हामीले जानी-जानी पाप गऱ्यौं भने पापको निम्ति अब उसो अरू कुनै बलिदान रहँदैन, तर इन्साफको डरलाग्दो प्रतीक्षा र विरोधीहरूलाई भस्म गर्ने क्रोधको अग्नि मात्र रहनेछ।” यस पदले विशेषगरी ती मानिसहरूलाई औंल्याउदछ जसलाई सत्य थाहा छ र विश्वास पनि गर्दछन् तैपनि परमेश्वरले हामीलाई नगर्नू भनी चेतावनी दिनुभएका यस्ता पापहरू गरिरहन्छन्।

“किनभने तिनीहरूलाई दिइएको पवित्र आज्ञा जानीकन पनि पछि हट्नुभन्दा त बरु तिनीहरूलाई धार्मिकताको मार्ग कहिल्यै थाहै नभएको भए असल हुनेथियो। यी सत्य उखानअनुसार नै तिनीहरूलाई यसो भएको छ, ‘कुकुर आफ्नै बान्तामा फर्किआउँछ,’ र ‘नुहाइदिएको सुँगुर हिलैमा लडीबडी खेल्छ’” भनी २ पत्रुस २:२१-२२ ले हामीलाई स्मरण गराएझैं, जानीजानी पाप गर्नेहरूलाई आफूले गरेका पापहरू थाहा हुँदछ, तिनीहरू पश्चात्ताप गरेका कुराहरूलाई दोहोऱ्याउँदछन् र पापमय जीवनमा फर्केर जाँदछन्।

इस्राएलका राजा दाऊदले पनि एकपटक परीक्षामा लोभिनु भएर हत्या जस्तो भयंकर पाप गर्नुभयो। जब अगमवक्ताले त्यो कुरा औंल्याइ दिनुभयो, तब राजाले तुरुन्तै पश्चात्ताप गर्नुभयो र आफ्ना मार्गहरूदेखि फर्केर आउनुभयो। उहाँ आफ्ना पापहरूका कारणले गर्दा परमेश्वरका परीक्षाहरूमा पर्नु हुँदा, नम्रताद्वारा दाऊद ती माथि विजयी हुनुभयो, जसले गर्दा उहाँले हृदयदेखि नै पापमय स्वभावहरूका जरा समेत उखेल्न सक्नु भयो र परमेश्वरको दृष्टिमा सिद्ध बन्नुभयो।

यद्यपि, राजा शाऊल भने फरक खालका थिए। अगमवक्ता शमूएल आउनु भएर तिनका गल्तीहरू औंल्याइ दिनु हुँदा पनि राजाले केवल यसरी बहाना बनाए, “मेरा प्रजाहरूको इच्छा पूरा गरिदिन मैले परमेश्वरको आज्ञा उल्लङ्घन गर्नु पऱ्यो।” शाऊलले आफ्नो हृदयको गहिराइदेखि पश्चात्ताप गर्नुको साटो परमेश्वरको सामु पाप मात्र गरिरहेको कारणले गर्दा राजाले पापको ठूलो पर्खाल खडा गरे र अन्ततः परमेश्वरबाट त्यागिए।

आज पनि यो कुरा सान्दर्भिक छ। विश्वास गर्छु भनी दाबी गर्ने र सत्यता थाहा पाएको कुनै व्यक्तिले यदि पाप गर्दछ भने, त्यस व्यक्तिले पश्चात्तापद्वारा आफ्नो हृदय तोड्नु पर्दछ, ज्योतिमा हिँड्नु पर्दछ र असल फल फलाउनु पर्दछ किनभने पवित्र आत्मा स्वयम्ले शब्दहरूमा व्यक्त नै गर्न नसकिने गरी आर्तनाद गर्नुभएर त्यस व्यक्तिको लागि अन्तर्विन्ती गरिदिनु हुनेछ र त्यस व्यक्तिलाई उसका पापहरू स्मरण गराइ दिनु हुनेछ। यद्यपि, त्यस व्यक्तिले जानाजानी पाप गर्दछ भने, परमेश्वरले उहाँको मुहार त्यस व्यक्तिबाट तर्काउनु हुनेछ र यस्तो भएमा, त्यस व्यक्तिले पश्चात्तापको आत्मा प्राप्त गर्न सक्ने छैन र अन्ततः पवित्र आत्मा निभ्नु हुनेछ (१ थेसलोनिकी ५:१९)।

हामीले हाम्रा पापहरूका निम्ति पश्चात्ताप गर्न इच्छा गरेतापनि, परमेश्वरले हामीलाई पश्चात्तापको आत्मा दिनुभएपछि मात्र हामी पश्चात्ताप गर्न सक्छौं। हाम्रो पश्चात्तापलाई ग्रहण गर्नु भएर परमेश्वरले हामीलाई हाम्रा पापहरूबाट क्षमा दिनु हुनेछ। प्रस्थान ३२:३३ मा परमेश्वरले हामीलाई, “जसले मेरो विरुद्धमा पाप गरेको छ, त्यसलाई नै म आफ्नो पुस्तकबाट मेटिदिनेछु” भनी भन्नु भएझैं, यदि हामी पश्चात्ताप गरी आफू र परमेश्वरबीच रहेको पापको पर्खाललाई नष्ट गर्दैनौं भने, कुनै समय जीवनको पुस्तकमा लेखिएको हाम्रो नाउँ त्यहाँबाट मेटिन सक्छ (प्रकाश ३:५)।

ख्रीष्टमा प्रिय दाजुभाइहरू तथा दिदीबहिनीहरू, यदि कुनै व्यक्तिले मृत्युमा पुऱ्याउने पाप गर्दछ भने त्यस व्यक्तिले पश्चात्ताप वा मुक्तिको लागि कुनै अनुग्रह पाउने छैन। हामी प्रत्येकले यो कुरा स्मरण गर्नु पर्दछ र मृत्युमा पुऱ्याउने पाप कहिल्यै पनि नगर्नका लागि हर सम्भव प्रयास गर्नुपर्दछ।

थपअझ, हामीले गरेका पापहरू “मृत्युमा पुऱ्याउने पाप” नभएतापनि यदि हामी तिनलाई नत्यागीकन र पश्चात्ताप नगरीकन बस्छौं भने, हामी पवित्र आत्माले भरिन सक्दैनौं, बरु शैतानद्वारा परीक्षामा लोभिएर अन्तमा “मृत्युमा पुऱ्याउने पाप” गर्नेछौं र बढीमा केवल लज्जास्पद मुक्ति प्राप्त गनेछौं।

तसर्थ, रगत बगाउने बिन्दुसम्म पापको विरुद्धमा लड्नुका साथै हरेक प्रकारका दुष्टताहरूबाट आफूलाई टाढा राख्नु भएर तपाईंहरू हरेकले हाम्रो प्रभुलाई उहाँको आगमनमा खुशी साथ स्वागत गर्न सक्नु भएको होस् भनी येशू ख्रीष्टको नाउँमा म प्रार्थना गर्दछु!

# परमेश्वरको प्रेम र शक्ति अनुभव गर्नेहरू

यदि तपाईं परमेश्वरको वचन अनुसार जिउनु हुन्छ भने, आफूले मागेका सबै कुराहरू तपाईंले प्राप्त गर्नु हुनेछ, कुनै पनि औषधि उपचार बिना नै तपाईं निको नहुने रोगहरू र सरुवा रोगहरूबाट निको हुनुहुनेछ र तपाईंहरूले दुर्बलताहरूबाट पनि छुटकारा पाउनु हुनेछ। साथै, परमेश्वरको प्रेमद्वारा तपाईंले सबै प्रकारका रोगहरू, दुर्घटनाहरू, र प्रकोपहरूबाट सुरक्षा पाउनु हुनेछ।

## "सुन्ने क्षमता पुनःप्राप्त गरेकोमा म औधी खुशी छु"

दस वर्षदेखि मेरो दाहिने कानमा समस्या थियो, र मैले मेरो सुन्ने क्षमता ४० प्रतिशतले गुमाएको छु भनी मेरो चिकित्सकले मलाई भन्नु भएको थियो। प्रायजसो म अरूले भनेका कुराहरू बुझ्न सक्दिनथें। मानमिन समर रिट्रीटमा मानमिनका असंख्य सदस्यहरू आफ्ना रोगहरूबाट निको हुनु भएको मैले सुनेको र देखेको थिएँ, त्यसैले म पनि मानमिन समर रिट्रीटमा निको हुन चाहन्थें।

सन् २०१५ को मार्चमा, आइतवार बिहानीको आराधना सेवाको समयमा, म "सम्पूर्ण दशांस र उचित भेटी" शीर्षकमा वचन सुनी रहेको थिएँ। मेरो घरको लागि लिएको ऋणको दशांस दिएको छैन भनी मैले महसुस गरें। त्यसैले, मैले तुरुन्तै २,००० यूरो दशांसको रूपमा दिइहालें, जुन वास्तवमा मैले दक्षिण कोरियामा समर रिट्रीटमा जानका लागि छुट्याइ राखेको थिएँ। बाँकीको रकम आगामी वर्षहरूमा किस्तामा जम्मा भएका रकमहरूबाट दिने निर्णय मैले गरें।

सन् २०१५ को अगस्टमा, मानमिन समर रिट्रीट २०१५ मा भाग लिन म कोरिया गएँ, र अन्ततः मैले अचम्मको शक्ति अनुभव गरें! पहिलो रातमा मैले डा. जेरक लीको बिरामीको लागि प्रार्थना ग्रहण गर्दै गर्दा, मैले मेरो कानहरू र पेटमा धेरै पटक पवित्र आत्माको आगो प्राप्त गरें। त्यसपछि, मेरो दाहिने कानले राम्ररी सुन्न सक्यो। हल्लेलूयाह!

अब म अरूले भनेका कुराहरूका साथै संगीत पनि राम्ररी सुन्न सक्छु। अहिले मेरो दैनिक जीवनमा कुनै समस्या छैन त्यसैले म अति खुसी छु। मलाई निको पार्नु हुने परमेश्वरलाई म सबै धन्यवाद र महिमा दिँदछु।



डिकन फ्याब्रिस फ्लान्ड्रे, वर्ष ४७, हाइनाउट मानमिन चर्च, बेल्जियम

## "केवल तीन दिनमा नै मेरो औंलाको सुजन निको भयो"

सन् २०१५ को मे महिनामा, मेरो दाहिने हातको बुढी औंला सुन्निएको थियो। एक महिनासम्म पनि यसमा कुनै सुधार भएन। मेरो नङभित्र बाक्लो पीपयुक्त घाउ निस्क्यो। यो मेरो नङ भित्रसम्म फैलिएर नङ उप्केला जस्तो भएको थियो। कुनै औषधिले पनि काम गरिरहेको थिएन।

औषधि निर्माता र विक्रेता भएकोले गर्दा, मैले औषधि मिश्रण गर्ने र औषधि-पत्र लेख्ने काम गर्नु पर्दथ्यो। यो सुजनले गर्दा धेरै समस्या भयो। जुलाईमा, म चर्मरोग विशेषज्ञ कहाँ जचाउन गएँ र चिकित्सकले नयाँ छाला नपलाएसम्म छ महिनाभन्दा बढी फ्रिजिङ्ग उपचार पद्दति अपनाउनु पर्छ भनी मलाई भन्नुभयो। त्यो नदुखेता पनि, औषधि र घरधन्दा सम्बन्धी काम गर्दा म आफ्नो हात प्रयोग गर्न सक्दिनथें। त्यसले गर्दा अत्यन्तै असुविधा हुन्थ्यो र मलाई सकस लाग्दथ्यो।

सन् २०१५ सालको अगस्ट महिनामा आयोजित मानमिन समर रिट्रीटमा डा. जेरक लीबाट बिरामीको लागि प्रार्थना ग्रहण गरेपछि एउटा आश्चर्यकर्म भएको मैले महसुस गरें। मैले मेरो बुढी औंलाको नङ भित्र केही फरक अनुभव गरें। त्यहाँका पापाहरू निस्कन थाले। दुइ दिनमा, कुनै दाग बिना नै ती सम्पूर्ण रूपमा निस्किए। डा. लीको प्रार्थनाद्वारा, म पूर्ण रूपमा तीन दिनमा नै निको भएँ। हाल्लेलूयाह!



डिकनिस हियोक जियोङ्ग, वर्ष ५१, ९ औं प्यारिस, दक्षिण कोरिया

## "म दीर्घ पिनासबाट निको भएँ"

दश वर्ष अघिदेखि म पिनासबाट पीडित थिएँ। मेरो नाक बन्द भइरहन्थ्यो, त्यसैले मलाई मुखबाट सास फेर्ने बानी परेको थियो। त्यसैकारण खाना खाँदा म निसासिन्थें। मेरो नाके स्वरको कारणले गर्दा, मलाई अरूसित कुराकानी गर्न पनि गाह्रो हुने गर्दथ्यो। मेरा केही साथीहरूले मलाई जिस्काउने गर्दथे।

निस्सन्देह, सिनियर पास्टरको प्रार्थनाद्वारा रोगहरूबाट निको भएका चर्चका सदस्यहरूको थुप्रै गवाहीहरू मैले सुनेको थिएँ, तर पनि मैले चङ्गाइ बारे सोचेको थिइनँ। म चर्चमा गएतापनि, आफ्ना साथीहरूसित रमाइलो गर्न र खेल्न मन पराउथें। मेरो विश्वास वृद्धि भएको थिएन। तर पनि म जस्तो व्यक्तिको लागि, परमेश्वरले उहाँको प्रशस्त अनुग्रह प्रकट गर्नु भयो।

मानमिन समर रिट्रीट २०१५ को केही समयअघि, परमेश्वरले मेरो हृदयमा एउटा हार्दिक चाहना दिनुभयो। मलाई यो रिट्रीटमा भाग लिने इच्छा भयो किनभने उच्च मा. वि.को विद्यार्थीको रूपमा रिट्रीटमा सहभागी हुने मेरो लागि यो अन्तिम अवसर थियो। त्यस्तै अन्य विश्वासीहरू जस्तै म पनि निको हुन चाहन्थें।

मैले खुशीसाथ स्वयम्सेवकको काम पनि गरें; त्यहाँ अगाडि नै पुग्ने समूहको सदस्यको रूपमा म अघिबाटै रिट्रीटमा पुगें र सर-सामानहरू बोकें अनि खुसीसाथ सरसफाइ गरें।

अगस्ट ३ मा, जब डा. लीले बिरामीको लागि प्रार्थना गरिदिनुभयो, तब मैले आश्चर्यकर्म अनुभव गरें। विश्वासको साथ मैले उहाँको प्रार्थना ग्रहण गर्दा, चिसो बतास मेरो नाकभित्र पस्यो। त्यही क्षण, मेरो नाकबाट सिँगान बग्न रोकियो र म पिनासबाट निको भएँ। हाल्लेलूयाह!



भाइ तेइवन यून, उमेर १९, १२ कक्षामा अध्ययनरत विद्यार्थी सण्डे स्कूलका छात्र, दक्षिण कोरिया

## "शक्तिशाली प्रार्थनाद्वारा मुट्ठी जत्रो आकारको पिड्को (भित्र तरल पदार्थ भएको फोको) हराएर गयो"

चार वर्ष अघि, मैले मेरो कोखामा पीडा महसुस गरें। मैले अस्पतालमा गएर अल्ट्रासाउण्ड गराएँ। डाक्टरले मलाई मेरो कलेजोको छेउमा एउटा पिड्को छ भनी भन्नुभयो। यसका साथै यस्तो प्रकारको पिड्को कुनै बेला घटेर जान्छ वा त्यत्तिकै हराएर जान पनि सक्छ भनी उहाँले भन्नु भयो। उहाँले मलाई केही समय पर्खन सुझाव दिनुभयो। केही समयपछि, मैले कुनै पीडा महसुस गरिनँ, त्यसैले मैले यसलाई गम्भीरतापूर्वक लिइनँ। सन् २०१५ को अक्टोबरमा, मेरो पेटमा मलाई असामान्य महसुस भयो। नोभेम्बरमा, त्यो पिड्को बढेर मुट्ठी जत्रो भयो र अत्यन्तै दुख्न थाल्यो।

पहिले पनि मैले डा. लीले प्रार्थना गरिदिनु भएको रुमाल मार्फत् एपेन्डिसाइटिस् निको भएको चङ्गाइ कार्य अनुभव गरेको थिएँ (प्रेरित १९:११-१२)। त्यसैले म यसबाट पनि निको हुन चाहन्थें। जी.सी.एन. (ध्धध।नअलतख।यचन) मार्फत् मैले डा. लीका वचनहरू सुनें र तिनलाई मनन् गरी प्रार्थना गरें। मलाई पीडा हुँदा, म स्वचालित प्रतिक्रिया प्रणाली मार्फत् बिरामीको लागिको उहाँले गरिदिनु भएको प्रार्थना धेरै पटक ग्रहण गर्दथें।

त्यसपछि, मेरो पेट रातो भयो र पेट भित्र केही कुरा तीव्रताका साथ हलचल गरेको मैले महसुस गरें। म शौचालयमा गएँ र मेरो पेटबाट धेरै मात्रामा तरल पदार्थ बाहिर निस्कियो। हाल्लेलूयाह! पिड्को हटेर गएको कारण अब मलाई सहज महसुस भएको छ र मेरो पेट सामान्य भएको छ। म सम्पूर्ण धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु जसले मलाई शक्तिशाली प्रार्थनामार्फत् निको पार्नु भयो।



डिकनिस ब्योङ्गी सोङ्ग, वर्ष ८३, २१ औं प्यारिस, दक्षिण कोरिया

# “वाह ! मेरो आँखाको अन्धोपन हटेर गएको छ र म देख्न सक्छु !”



भाइ केकेसुरेन, वर्ष ५९, मङ्गोलिया मानमिन चर्च

म १७ वर्षको हुँदा, आफ्ना साथीहरूसित मेरो झगडा परेको थियो । कसैले फलामको छडीद्वारा मेरो टाउकोमा प्रहार गऱ्यो । त्यसपछि, दश वर्षसम्ममा विस्तारै विस्तारै मेरो बायाँ आँखाको दृष्टि गुम्दै गयो र अन्ततः मैले पूर्ण रूपमा आफ्नो दृष्टि गुमाएँ ।


नेत्रदृष्टिसित सम्बन्धित सबै रक्त धमनीहरू काटिएर काम नलाग्ने भएका छन्, र आँखामा अन्धोपना बढ्दैछ भनी चिकित्सकहरूले भन्नु भयो । यसको कुनै समाधान छैन भनी उहाँहरूले भन्नु भयो । मैले आफ्नो जागिर छोड्नु पऱ्यो, र त्यो आँखाले पुऱ्याएको असहजताको कारणले गर्दा म निराशामा डुबें । म रक्सी पिउँदै, जुवा खेल्दै, र अन्य स्त्रीहरूसित लागेर व्यर्थतामा आफ्नो जीवन जिउन थालें ।

सन् २०१० को अप्रिलमा, कोरियाली नागरिकसँग विवाह भएकी मेरी छोरीले, मलाई कोरियामा आउन र त्यहाँ बस्न सल्लाह दिइन् । सन् २०१० को सेप्टेम्बरमा, म मानमिन केन्द्रीय चर्चमा गएँ । मैले काम पनि पाएँ, तर त्यो अति नै गाह्रो काम थियो र सन् २०१४ को नोभेम्बरमा मेरो ढाड दुख्न थाल्यो । पछि त्यसले मेरो दायाँ खुट्टामा पनि असर पाऱ्यो र म राम्रोसँग हिँड्डुल गर्न सक्दिनथें । अस्पतालले मलाई शल्यक्रिया गराउने सुझाव दियो तर मेरो भिसाको अवधि फेब्रुअरी २०१५ मा सकिने भएकोले गर्दा म मङ्गोलिया फर्केर जानु पऱ्यो ।


त्यसपछि म मङ्गोलिया मानमिन चर्चमा जान थालें । हरेक आराधना सेवा र दानियल प्रार्थना सभामा मैले आफ्नो जीवनलाई फर्किएर हेरें । मैले आफ्नो चङ्गाइको निम्ति प्रार्थना गरेँ र यसको साथै परमेश्वरको वचनबाट सिकेकोले गर्दा, मैले आफ्नो हृदयमा भएका पापहरू र दुष्टताहरू फाल्ने निर्णय गरें । यसको निम्ति मैले उपवास बसेर प्रार्थना गरें ।

सन् २०१५ को अक्टोबरमा, म मङ्गोलिया मानमिन चर्चमा आयोजित रुमालको चङ्गाइ प्रार्थना सभामा सहभागी भएँ (प्रेरित १९:११-१२) । मिसिनेरी पोट्जोरिग पुरबले डा. जेरक लीले प्रार्थना गरिदिनु भएको रुमालद्वारा मेरो लागि प्रार्थना गरिदिनु भयो । मैले आफ्नो ढाडमा पवित्र आत्माको आगो अनुभव गरें, र त्यसपछि मेरो ढाड र दायाँ खुट्टामा भएको दुखाइ हटेर गयो र मैले सजिलैसित मेरा खुट्टाहरू चलाउन सकें । थपअझ, मेरो बायाँ आँखाले पनि देख्न थाल्यो । हाल्लेलूयाह !

अब म पुस्तकहरू पनि पढ्न सक्छु । मलाई यो सपना जस्तै लागिरहेको छ । परमेश्वर, तपाईंलाई धन्यवाद छ !



प्रार्थना अघि
दायाँ: ०.५/ बायाँ: ०



प्रार्थना पछि
दायाँ: १.०/ बायाँ: ०.१

# “आगलागीमा मेरा पसलहरू सुरक्षित रहे”



भाइ एंटोन बेगु र उहाँकी पत्नी, वर्ष ४०, खार्किव, युक्रेन

मेरी पत्नी र म जीवनको वचनको खोजी गरिरहेका थियौं । त्यतिनैबेला, सन् २००९ मा, संयोगले हामीले टी.बी.एन. रसियामा मानमिन केन्द्रीय चर्चका डा. जेरक लीलाई देख्यौं । हामीले धधधकबलकष्लायचन। वेबसाइट मार्फत् उहाँका वचनहरू सुनेका थियौं । आइतवारका दिनहरूमा, हामी मानमिन केन्द्रीय चर्चको प्रत्यक्ष-प्रसारण सेवामा भाग लिन्थ्यौं ।

हामी हाम्रो व्यापारमा सही मार्गमा हिँड्दा र गर, नगर, राख र फाल भन्ने वचनलाई हामीले पालना गर्दा, हाम्रो व्यापारमा हामीले धेरै आशिष्हरू पायौं । अहिले बारबासबा सपिङ्ग मलमा हामीले थुप्रै पसलहरू सञ्चालन गरिरहेका छौं । हाम्रो दशासं पनि बढेको छ । अति कृतज्ञताका साथ, हामी सन् २०१४ को फेब्रुअरीमा दक्षिण कोरियामा रहेको मानमिन केन्द्रीय चर्चमा गयौं । त्यहाँ हामी पवित्र आत्माले भरियौं र आनन्दित भयौं । हालसालै पनि, हामीले परमेश्वरको प्रेमलाई फेरि पनि महान् तवरले महसुस गर्न पायौं ।

सन् २०१५ को नोभेम्बर १४ मा, हाम्रा पसलहरू भएको सपिङ्ग मलमा ठूलो आगलागी भयो । यो मलमा दुइवटा ठूला भवनहरू थिए र ती दुइ भवनहरू एउटा सानो पुलद्वारा जोडिएका थिए । त्यो भीषण आगलागी एकै क्षणमा चारैतिर फैलिँदै थियो । दोस्रो भवन जलेर लगभग खरानी भइसकेको थियो । १५० वटा पसलहरू सबै जलेर नष्ट भए । त्यो आगो फैलिएर हाम्रा पसलहरू भएको पहिलो भवन तिर बढ्दै थियो । त्यो यति जोखिमपूर्ण परिस्थिति थियो कि हामीले सियोलमा रहेको केन्द्रीय चर्चमा सम्पर्क गर्नको लागि सोच्न समेत भ्याएनौं । हामीले केवल यसो भनी प्रार्थना मात्र गर्न सक्यौं, “पिता परमेश्वर, हामीलाई गोठालोको क्षेत्रमा सुरक्षा दिनुहोस् ।”

त्यसपछि, एउटा आश्चर्यकर्म भयो । आगो तीव्र रूपमा फैलिए तापनि, मेरा पसलहरूलाई यसले असर पारेन । यहाँसम्म कि पसलको अगाडिको भागमा प्रदर्शनीमा राखिएका सबै थोकहरू पनि पूर्णतया सुरक्षित थिए । हाल्लेलूयाह !

सिनियर पास्टरले आफ्ना सदस्यहरू गरिबी, रोगहरू र विपत्तिबाट टाढा रहून् भनी चाहनु हुँदा, हामी युक्रेनमा पूर्णतया सुरक्षित रह्यौं । म सम्पूर्ण धन्यवाद र महिमा परमेश्वरलाई दिँदछु जसले पवित्रताको सुसमाचारद्वारा हाम्रो हृदय नवीकरण गरिदिनु भएर हामीलाई आशिष्को मार्गमा डोऱ्याइ रहनु भएको छ ।




# “मेरो कार पल्टेको थियो, तर मलाई कुनै चोट पटक लागेन”



भाइ एलिया किम, वर्ष २८, देजन मानमिन चर्च, दक्षिण कोरिया

सन् २०१५ को सेप्टेम्बर २१ मा, म कार चलाउँदै थिए र मैले जबरजस्ती आफ्नो लेन परिवर्तन गरें । मेरो कार एउटा ठूलो ट्रकसित ठोक्कियो । त्यो उछिट्टिएर डिभाइडरमा ठोकियो र पल्टियो ! म फुटेको झ्यालबाट कार बाहिर निस्किएँ । कारका धेरै भागहरू भाँचिएका र फुटेका थिए ।

तरैपनि, मलाई कुनै चोट भने लागेन । मेरा लुगाहरू वा जुत्ताहरू समेत दुर्घटनामा परेको जस्तो देखिँदैनथ्यो । म अति नै कृतज्ञ भएँ । मलाई एम्बुलेंसमा राखेर अस्पताल पठाइयो, र पहिला मैले स्वचालित प्रतिक्रिया सेवा (८२२-८३०-५३२०) मार्फत् डा. जेरक लीको प्रार्थना ग्रहण गरें । सीटी स्क्यान र एमआरआईका रिपोर्टहरूले म शिरदेखि पैंतलासम्म पूर्णतया ठीक छु भनी देखाए ।

यो दुर्घटनाले गर्दा मलाई मेरो मनतातो विश्वासी जीवन जाँचेर हेर्ने मौका मिल्यो । मैले यो पनि महसुस गरें कि अरूको बारेमा नसोचीकन आफ्नै फाइदा खोजेको कारणले गर्दा मैले लेन परिवर्तन गरेको थिएँ । म सम्पूर्ण धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु जसले मलाई ठूलो दुर्घटनामा सुरक्षा दिनुभयो र मलाई यस्तो कुरा महसुस गर्न दिनुभयो ।



## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो ।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं ।
४. मानमिन केन्द्रिय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा “प्रेरितहरुको विश्वासको सार” द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दशः विश्वास गर्दछन् ।

“किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ ।” (प्रेरित १७:२५)
“अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।” (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड ०८३८९)
फोन : ८२-२-८१८-७०४७, फ्याक्सः ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन